घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको नवौं बैठकको निर्णयहरु

मिति २०७९।८।६

निर्णय नं. १ :-

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश पोखराको पत्र च.नं. ४७३ मिति २०७९।६।२५ गतेको पत्रको निर्देशन बमोजिम यस कार्यालयबाट तह वृद्धिको लागि सम्भाव्य कर्मचारीहरुबाट आवेदन आवह्वानको सूचना नं. १/०७९/८० तहबृद्धि सम्बन्धी सूचना मिति २०७९।६।२८ गते प्रकाशन भएको । तोकिएको समयभित्र तह बृद्धि हुन योग्य कर्मचारीहरुले पेश गरेका आवेदनहरुको अध्यादेश बमोजिम तहबृद्धिका लागि आवश्यक पर्ने कागजातहरुको मूल्याङ्कन भई यस बैठकमा पेश हुन आएको । अध्यादेश जारी भएको मिति देखि ६० दिन भित्र तहबृद्धिको निर्णय समेत गरिसक्नु पर्ने भएको हुँदा गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय द्वारा मिति २०७९ साल असोज ७ गते प्रकाशित (खण्ड ०५, अतिरिक्ताङ्क १९) स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९" को दफा ९ को उपदफा (३) र सोही अध्यादेशको दफा २८ को उपदफा (१) बमोजिम योग्यता पुगेको यस कार्यालयमा कार्यरत रहेका तपसिल बमोजिमका सेवा, समूह/उपसमूह र तहमा कार्यरत साथै सोही अध्यादेशको दफा ३२ बमोजिम अयोग्य नठहरिएका कर्मचारीहरुलाई उल्लेखित पत्रको बुँदा नं. ८ मा तोकिएको मिति र समय देखिनै लागु हुने गरी तह मिलान/तह बृद्धि गर्ने निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | कर्मचारीको नाम, थर | हालको पद/तह/सेवा/समूह/उपसमूह | तहबृद्धि गरिएको पद/तह/सेवा/समूह/उपसमूह | कैफियत |
|---|---|---|---|---|
| १ | केदार सिंह थापा | अधिकृत/छैटौंतह/प्रशासन/सामान्य प्रशासन | अधिकृत/सातौं तह/प्रशासन/सामान्य प्रशासन | तह मिलान |
| २ | सकलदेव शर्मा | ईन्जिनियर/छैटौंतह/प्राविधिक/ईन्जिनियरिङ/सिभिल/जनरल | ईन्जिनियर/सातौंतह/प्राविधिक/ईन्जिनियरिङ/सिभिल/जनरल | तह मिलान |
| ३ | हरि पराजुली | सब-ईन्जिनियर/सहायक पाँचौतह/प्राविधिक/ईन्जिनियरिङ/सिभिल/जनरल | ईन्जिनियर/छैटौंतह/प्राविधिक/ईन्जिनियरिङ/सिभिल/जनरल | तह बृ |
| ४ | नारायण प्रसाद पौडेल | कम्प्यूटर अपरेटर/सहायक पाँचौतह/विविध | कम्प्यूटर अधिकृत/छैटौंतह/प्रशासन/सामान्य प्रशासन | तह बृ |

निर्णय नं. २ :-

निर्णय नं. १ बमोजिम छैटो तह देखि सातौं तहमा तह मिलान हुने अधिकृत स्तर कर्मचारीहरुको सातौं तहमा तह मिलानको सूचना स्थानीय राजपत्रमा प्रकाशित गर्ने निर्णय गरि ।